# 'गलत प्रतिस्पर्धा नियमन गर्ने सबल संरचना'

काठमाडौं, २७ असार (कास): बजारमा गैरप्रतिस्पर्धी अभ्यास नियन्त्रणका लागि सरकारले नियामक निकायको प्रभावकारितामा जोड दिएको छ। वाणिज्य तथा आपूर्ति सचिव लालमणि जोशीले पनि गैरप्रतिस्पर्धी क्रियाकलापविरुद्ध कारबाहीका लागि सूचना प्राप्त गर्ने सबल संरचना आवश्यक रहेको औंल्याएका छन्।




बजार अनुगमनको जिम्मा पाएको वाणिज्य विभागले समेत स्रोतसाधन कमीले प्रभावकारी भूमिका खेल्न असमर्थ रहेको बताएको छ।

बजारमा प्रतिस्पर्धा बढाउन र गलत प्रतिस्पर्धा रोक्न ल्याइएको 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन' को कार्यान्वयन निर्देशिका प्रारूपमाथि सरोकारवालाहरूसँगको छलफलमा विभागका महानिर्देशक नारायण बिँडारीले स्वच्छ प्रतिस्पर्धा र उपभोक्ता हित संरक्षणका लागि सम्बद्ध ऐन कार्यान्वयन गर्ने छुट्टै संयन्त्र स्थापना गर्नुपर्ने बताए। साउथ एसियन वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती), वाणिज्य विभाग तथा अमेरिकी सहयोग नियोग (यूएसएड) ले आयोजना गरेको कार्यक्रममा व्यापारविज्ञ डा. पोषराज पाण्डेले बजारमा हुने गलत प्रतिस्पर्धाले सामाजिक लागत बढाउने उल्लेख गरे।

"यो उपभोक्ता हितविरुद्ध मात्र होइन, गलत प्रतिस्पर्धाले बजारको सुन्दरतालाई नै बिगारेको छ," पाण्डेले भने, "गैरप्रतिस्पर्धी कामहरू नियन्त्रण हुनुपर्छ।",

व्यवसायीबीच हुने गैर-प्रतिस्पर्धी सम्झौता, प्रभुत्वशाली हैसियतको दुरुपयोग, भ्रमपूर्ण विज्ञापन र बोलपत्रको अनियमितताजस्ता काम स्वच्छ प्रतिस्पर्धाविपरीत रहेको उनले बताए। पाण्डेका अनुसार राष्ट्र बैंकको हालैको मर्जर नीतिले पनि प्रभुत्वशाली हैसियत स्थापित हुनेगरी बैंक तथा वित्तीय संस्थाहरूको मर्जर रोक्नुपर्नेमा जोड दिए।

बजार प्रतिस्पर्धा संरक्षणसम्बन्धी कानुनहरू लागू भए पनि सरकारले सबल प्रमाण जुटाउन नसक्दा अस्वच्छ प्रतिस्पर्धा, सिन्डिकेट र कार्टेलिङ गर्नेलाई समेत कारबाही हुन सकेको छैन।

पूर्व वाणिज्य तथा आपूर्ति सचिव पुरुषोत्तम ओझाले ४० प्रतिशतभन्दा बढी बजार हिस्सा हुनेलाई प्रभुत्वशाली हैसियत मानिने भए पनि बजार हिस्सा बारे जानकारी लिन सरकारी संरचनाहरू सक्षम नरहेको उल्लेख गरे। राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले २० प्रतिशतभन्दा बढी नाफा कालाबजारी हुने भए पनि वाणिज्य विभागले बजार अनुगमन गरी गैरकानुनी काम गर्नेलाई कारबाही गर्न नसकेको बताए।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष सुरेन्द्रवीर मालाकारले स्वच्छ प्रतिस्पर्धा नभए बजारमा विकृति बढ्ने भन्दै एकाधिकार, सिन्डिकेट र कार्टेलिङ अन्त्य गर्नुपर्ने उल्लेख गरे।